नेपाली राजदूतावास
कुवेत
Embassy of Nepal
State of Kuwait.

سفارة نيبال
دولة الكويت

## नेपाली राजदूतावास, कुवेतको अनुरोध-५

मध्यपूर्वमा विकसित विद्यमान परिस्थितिलाई दृष्टिगत गर्दै यस राजदूतावासबाट विभिन्न समयमा सूचनाहरु जारी भएका छन्। यसै सन्दर्भमा कुवेतको Residency/Civil ID Cancel गरी उडानको प्रतिक्षा गरिरहनुभएका तर कुवेतको हवाई क्षेत्र बन्द भएका कारणले नेपाल जान असमर्थ रहनुभएका नेपाली नागरिकहरू **आफ्नै खर्चमा** सडकमार्गबाट साउदी अरेबिया प्रवेश गरी उक्त देशको विमानस्थल हुँदै नेपाल जान चाहनुभएमा **ट्रान्जिट प्रयोजनका लागि मात्र** उक्त देशको भिषाको लागि सहजीकरण गरिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

Civil ID Cancel गरी उडानको प्रतिक्षा गरिरहनुभएका नेपाली नागरिकहरुले मात्र दिइएको लिङ्कमा गई/ QR Code Scan गरी माग भएका कागजातहरु अपलोड र आफ्नो विवरण अद्यावधिक गरी आवेदन गर्न सक्नुहुनेछ। साथै, यसरी प्राप्त हुने भिषा छोटो समयको लागि उपलब्ध हुने हुँदा भिषा प्राप्त भएपश्चात् तोकिएको समयभित्र यात्रा गरिसक्नुपर्ने बेहोरा समेत अनुरोध छ।

**आवेदनको लिङ्क:**
**https://forms.gle/AWTPqzJiaZKbVjC57**

**फाराम भर्नु अगावै गर्नुपर्ने तयारी**

१. राहदानी प्रतिलिपी (JPEG/फोटो)
२. कुवेतको सम्बन्धित निकायबाट जारी भएको Civil ID Cancel गरेको प्रमाणपत्र (Visa 1 वा Visa 14) (JPEG/फोटो)

**द्रष्टव्य:**

उल्लिखित सहजीकरण सुविधा निम्न बमोजिम हुनेछ:

१. २०२६ मार्च ३१ सम्म Civil ID cancellation (Visa 1 वा Visa 14) को म्याद सकिने नेपाली नागरिकहरूले आवेदन गर्न सक्नुहुनेछ।
२. कुवेतमा अवैधानिक अवस्था (Illegal Status) मा रहनुभएका, कुवेतमा मुद्दा विचाराधीन रहेका (केश परेका) र यात्रा प्रतिवन्ध (Travel ban) भएकाहरूको हकमा यो सुविधा उपलब्ध नहुने।
३. **कुवेतको Civil ID बाहक नेपाली नागरिकले अवस्था सामान्य नहुने अवधिसम्म आफ्नो Civil ID cancellation नगर्नुहुन अनुरोध गरिन्छ।**

नेपाली राजदूतावास, कुवेत
३ चैत्र २०८२ (१७ मार्च २०२६)।

Jabriya, Block No. 8, Street No. 13, Building No. 514, Tel.: 25321603/ 4 / 5, Fax: 25321601/ 628   الجابرية قطعة رقم ٨، شارع رقم ١٣، مبنى رقم ٥١٤، تلفون: ٢٥٣٢١٦٠٣/٤/٥، فاكس: ٢٥٣٢١٦٠١ / ٦٢٨
Email : eonkuwait@mofa.gov.np   Website : www.mofa.gov.np/kuwait